Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74206
Research Article
ISSN: 3021-9035 Print

# *समकालीन नेपाली कवितामा किराती पहिचान*

*यसोदा राई*
*yashodarairai@gmail.com*

## *लेखसार*

प्रस्तुत लेख पहिचानसम्बन्धी अवधारणात्मक निर्माणमा केन्द्रित रही समकालीन नेपाली कवितामा किराती पहिचानको अध्ययन र विश्लेषणमा आधारित रहेको छ। यस लेखको प्रमुख उद्देश्य समकालीन नेपाली कवितामा किराती समुदायको पहिचानको स्वरूप केकस्तो रहेको छ र पहिचानलाई किराती कविहरूले कवितामा कसरी अभिव्यक्त गरेका छन् भन्ने जिज्ञासाको समाधान गर्नु रहेको छ। यो अध्ययनमा आधारभूत र द्वितीयक स्रोतबाट सामाग्री लिई पहिचानसम्बन्धी अवधारणालाई पाठ विश्लेषणको मुख्य विधिका रूपमा अँगालिएको छ। यस अध्ययनमा समकालीन नेपाली कविताको विश्लेषणको क्रममा मूलतः भूगोल, सभ्यता संस्कृति र भाषिकपक्षसँग सम्बद्ध किराती पहिचानका आवाजहरू प्रखर रूपमा अभिव्यञ्जित गरिएको छ भन्ने तथ्यलाई पुष्टि गरिएको छ। समकालीन नेपाली कवितामा भौगोलिक, सांस्कृतिकका साथै भाषिक पहिचानको मूल्यमाथि विमर्श गर्दै किराती सौन्दर्यको विशिष्ट पहिचान स्थापित गर्नुमा कविहरूको प्रमुख ध्येय देखिएकाले उनीहरूले किराती पहिचानका सम्बन्धमा महत्त्वकासाथ प्रभावशाली ढङ्गले प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष यो अध्ययनबाट निकालिएको छ।

***शब्दकुञ्जी :*** मिथक, मुन्दुम, सभ्यता, सुप्तुलुङ

## *विषय प्रवेश*

नेपाली कविताको विकासयात्राको सबैभन्दा पछिल्लो समयमा लेखिएका कवितालाई समकालीन नेपाली कविता भनिन्छ । नेपाली कविताको विगत तीन दशकयताको समयलाई समकालीन नेपाली कविता मानिए पनि २०६३ पछिको राजनीतिक परिवर्तनले कवितामा ल्याएको नवीन चेतना र प्रभावलाई समकालीन कविताको निर्धारक समय मात्र उपयुक्त देखिने भएकाले त्यो अवधियता लेखिएका कवितालाई यो अध्ययनमा समकालीन कविता मानिएको छ। भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचना कविता हो, जसमा विचारको सौन्दर्यलाई सुन्दर भाषामा प्रस्तुत गरिएको हुन्छ। यिनै कवितालाई विश्लेषण गर्ने विभिन्न आधार छन्। ती विविध आधारमध्ये पहिचानको आधार पनि एउटा हो । यस लेखमा पहिचानसम्बन्धी अवधारणाका आधारमा समकालीन आदिवासी किराती कविहरूबाट लेखिएका कविताहरूलाई विश्लेषणका लागि छनोट गरिएको छ।

आफ्नै मौलिक भाषा, धर्म, संस्कृति, भूगोल, इतिहास, परम्परा तथा रीतिरिवाज भएका आदिवासी जातिलाई किराती भनिन्छ। आदिमकालदेखि बसोबास गर्दै आइरहेको नेपालको आदिवासी जाति नै किराती हो। राज्यसत्ता अथवा केन्द्रद्वारा मूलप्रवाहमा नल्याइएका र उत्पीडनमा पारिएका आदिवासी किरातीहरूले साहित्यका विभिन्न विधाका माध्यमबाट आफ्नो जातीय पहिचानका आवाज अभिव्यक्त गरिरहेका छन् । यसै सन्दर्भमा समकालीन आदिवासी किराती कविहरूबाट लेखिएका कविताहरूलाई विश्लेषण गर्दा यस अध्ययनमा सशक्त किसिमले किराती पहिचानका आवाजहरू अभिव्यक्त भएको पाइन्छ। यी कविताहरूका बारेमा अध्येताहरूले विभिन्न आधारबाटअध्ययन विश्लेषण गरेको भेटिए तापनि तिनमा किराती पहिचानसम्बन्धी

अध्ययन विश्लेषणमा त्यति ध्यान पुग्न नसकेको देखिन्छ। त्यसैले यही ध्यान नपुगेको रिक्ततालाई पूरा गर्न यो लेखमा किराती पहिचानको विश्लेषणलाई अध्ययनको मुख्य विषय बनाइएको छ। यस क्रममा समकालीन आदिवासी किराती कविहरूका कविताहरूलाई अन्य कुनै आधारबाट नभई किराती समुदायले व्यक्त गरेका किराती पहिचानका सैद्धान्तिक पर्याधारमा आधारित रही निर्दिष्ट कविताहरूको विश्लेषण गर्नु यस लेखको सीमा रहेको छ। समकालीन आदिवासी किराती कविहरूका कवितामा अभिव्यक्त किराती पहिचान केलाई पाठकसामु पुऱ्याउनु नै यो लेखको प्रमुख उपादेयता रहेको छ। यो नवीन अध्ययनका लागि पहिचानसम्बन्धी विभिन्न विद्वान्हरूका आधारभूत अवधारणा प्रस्तुत गर्दै सोद्देश्य छनोटमा परेका समकालीन जनजाति किराती कविहरूका कविताहरूलाई विवेच्य सामग्रीका रूपमा लिई तिनमा किराती पहिचान केकस्तो रहेको छ भन्ने शोध्य समस्या निर्माण गरेर यसै समस्याको समाधान खोज्नुलाई नै यस लेखको प्रमुख उद्देश्य बनाइएको छ।

## *अध्ययनविधि*

आदिवासी किराती कविहरूद्वारा लिखित समकालीन नेपाली कवितासङग्रहमा निहित किराती पहिचानको निर्क्योल गर्नु नै प्रस्तुत लेखको मुख्य विषय हो । यो अध्ययन साहित्यिक र गुणात्मक भएकाले यसलाई पुस्तकालयीय कार्यद्वारा पूरा गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन्। समकालीन नेपाली कविताहरूमध्ये आदिवासी किराती कविहरूद्वारा लिखित किराती पहिचान सघन रूपमा अभिव्यक्त भएका आठओटा कवितालाई प्राथमिक सामग्रीका रूपमा र पहिचानसम्बन्धी सैद्धान्तिक पर्याधारका लागि विभिन्न समालोचनात्मक कृति तथा लेखहरूमा व्यक्त गरेका तत् विषयका विचारलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। यो अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीहरूको अर्थापनका लागि मुख्य रूपमा पाठविश्लेषणको पद्धति अँगालिएको छ । समग्रतः यस लेखमा पहिचानसम्बन्धी मान्यताका आधारमा आदिवासी किराती कवितालाई सोद्देश्य नमुना छनोटका माध्यमबाट वस्तुगत विश्लेषण गरी गरिएको छ।

## *सैद्धान्तिक पर्याधार*

आफ्नै जातीय भाषा, भूगोल, इतिहास, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज भएका आदिवासी जातिलाई किराती भनिन्छ । आदिमकालदेखि बसोबास गरेको नेपालको आदिवासी जाति नै किराती हो (राई, मुकारुङ, २०७४, पृ.७) । समग्रमा भन्नुपर्दा किरात शब्दले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा छरिएर बसेका मङ्गोलियन नस्लका विविध जातिलाई जनाउने गरिए पनि नेपालका सन्दर्भमा राई, लिम्बू, सुनुवार, याक्खा, धिमाल, दनुवार, जिरेल, थामी र हायुलाई किरात भनिए पनि यीमध्ये राई, लिम्बू, सुनुवार र याक्खाले मात्र आफूलाई किरात मानिरहेको पाइन्छ (सुवेदी, २०७८, पृ.७१) । कुनै पनि व्यक्ति वा वस्तुविशेषलाई सामाजिक परम्परा वा विमर्शले निर्धारण गरिदिएको स्थान नै पहिचान हो (हल, १९९७, पृ.६) । पहिचानमा भाषा, धर्म, लिङ्ग, जात, राष्ट्र आदि पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। व्यक्तिको पहिचान उसले बोल्ने भाषा, उसले अपनाएको धर्म र संस्कृति र उसका सम्बन्धहरू आदिबाट पनि निर्माण हुन्छन् (गिरी, २०७०, पृ. ३१) । पहिचानमा प्राथमिक र द्वितीयक सांस्कृतिक विशेषताहरू हुन्छन् । प्राथमिकभित्र कुनै सांस्कृतिक समूहसँग सम्बद्ध रैथाने सांस्कृतिक परम्परा र प्रथा हुन्छ, जसमा त्यस संस्कृतिका उत्पत्ति, भाषा, धार्मिक प्रचलन, सामाजिक मूल्यमान्यता सूचित गर्ने विशेषताहरू पर्छन्। द्वितीयकभित्र अन्य समूहका सन्दर्भबाट सामाजिक मानव भएका नाताले जनजातिहरूलाई चिनाउने सांस्कृतिक विशेषताहरू हुन्छन् (सान्तोस र उमना–टेलर, सन् २०१५, p. xi-xiii)। ती विभिन्न सांस्कृतिक विशेषताका आधारमा उनीहरूलाई पहिचान गर्न सकिन्छ।

आदिवासी भाषा साहित्यले आदिवासी जनजाति पहिचानसँग जोडिने जल, जमिन र जङ्गलसँगको सम्बन्ध

खोजी गर्दै आदिवासी सौन्दर्यशास्त्र र रैथाने विशिष्ट ज्ञानको बोध गराउँछ (श्रेष्ठ, २०७९, भूमिका)। समाजमा जातीय साहित्यको विशिष्ट महत्त्व हुन्छ । कुनै पनि जाति, समुदायको भाषा, संस्कृति, भूगोल, राष्ट्रिय सम्पदा आदिलाई मूल विषय बनाएर लेखिने साहित्य नै जातीय साहित्य हो (अधिकारी, २०७८, पृ.१८)। त्यस्तो साहित्यमा आफ्नो पूर्वजहरूका संस्कृति, सभ्यता, इतिहास, आफ्नो जातीय पहिचानको खोजी, मौलिक जातीय संस्कारको निरन्तरतामा जोड, जातिविशेषको अस्तित्वबोध, भौगोलिक पहिचानजस्ता कुराहरू प्रमुख विषय भएर आएका हुन्छन्। मूलतः भाषा, धर्म, इतिहास, भूगोल, सभ्यता संस्कृति, मिथक, कला, भेषभूषा, अनुष्ठान, जीवनशैली, खानपान, शारीरिक बनोट आदि जातीयता बुझाउने आधारहरू हुन् (अधिकारी, २०७८, पृ. १९) । यसमा नै जातीयताको पहिचान र अस्तित्व जीवित रहने हुँदा जातीय साहित्यमा हरेक जातिको पहिचान, सांस्कृतिक विशेषता र जातीय अस्तित्व नै रचनाका केन्द्र बनेर आएका हुन्छन्।

मिथक कुनै पनि जाति या समुदायको पहिचानको संवाहक हो। सांस्कृतिक विविधता भएको नेपालमा प्रत्येक समुदायका आआफ्नो विभिन्न किसिमका मिथकहरू रहेका छन् । ती मिथकहरूमा तात्कालीन सामाजिक परिवेश निहित रहने हुनाले यसलाई सांस्कृतिक स्मृतिका रूपमा लिने गरिन्छ । समग्रमा मिथकहरूले आदिवासीहरूको इतिहास बोकेको हुन्छ । मिथकहरूमा नै किरातीहरूको उत्पत्ति, उनीहरूको बसोबास क्षेत्र, उनीहरूको भाषा, धर्म र संस्कृतिजस्ता यावत कुराहरू समावेश भएका हुन्छन्। त्यसैले किरातीहरूले मिथकलाई इतिहासको स्रोत मान्ने गर्छन् (मार्टिन, सन् २०१९, पृ. २९७)। समकालीन नेपाली कविताले विविध स्तरमा किराती पहिचानका स्वरलाई सशक्त रूपमा ध्वनित गरेको पाइन्छ। मूलतः राज्यसत्ताबाट पछि पारिएका, अवसरबाट वञ्चित गरिएका, माथिल्लो निकायमा आवाज पुऱ्याउन नसकिरहेका जाति, जनजाति र सीमान्तीकृत जनसमुदायलाई विशेष गरी २०६२/२०६३ सालको जनआन्दोलनले जागृत गर्ने काम गऱ्यो भन्ने इतिहासकारहरूको भनाइ रहेको छ (पराजुली, २०७२, पृ. १०४)। २०५३ सालमा सरकारद्वारा गठन भएको जनजाति उत्थान प्रतिष्ठानद्वारा बनाइएको कार्यदलले हिन्दु व्यवस्थाभित्र नपर्ने, आफ्नो छुट्टै सांस्कृतिक पहिचान भएको, आफ्नो छुट्टै लिखित वा अलिखित इतिहास भएको, छुट्टै परम्परागत भाषा, धर्म र रीतिरिवाज भएको, नेपालको राजनीति र राज्य सञ्चालनमा भूमिका नदिइएको आदिवासी वा मूलवासीलाई जनजाति भनिएको छ (तामाङ, २०६२, पृ. ९३)। ती आदिवासी किराती कविहरूले जनजातीयता झल्काउने अनेक पक्षको प्रतिनिधित्व आफ्नो कवितामा गराएका छन् (गडतौला, २०७४, पृ. ९३) । प्रायजसो यी कविहरूले आदिवासी किरातीहरूको पहिचानसँग गाँसिएको भूमि, संस्कृति सभ्यता, भाषा र इतिहासजस्ता पक्षहरू विस्थापित भएको भाव कवितामा व्यक्त गरेका छन्।

मुन्दुमलाई किरातीहरूले आफ्नो धर्म, संस्कृति तथा सामाजिक जीवनको निर्देशन गर्ने महत्त्वपूर्ण ग्रन्थको रूपमा लिएका छन्। यसमा विभिन्न किसिमको किराती मिथकहरू पनि समाहित रहेको छ। मुन्दुममा सृष्टि र मानव विकासका कथासहित अन्य किसिमका सभ्यताको विकासका कथा रहेको छ । किरात लोकसंस्कृतिबाट मानव विकासक्रम, जातीय चरित्रसमेतको पहिचान गर्न सकिन्छ (शिवाकोटी, २०७६, पृ. ४२०) । यसरी विभिन्न व्यक्तिले प्रस्तुत गरेका किराती पहिचानसम्बन्धी अवधारणा अध्ययन गर्दा मूलतः किराती पहिचानअन्तर्गत इतिहास, संस्कृति सभ्यता, भाषा, भूगोल, राष्ट्रियता, धर्म, मूल्य र विश्वास, मिथक, कला, भेषभूषा, अनुष्ठान, खानपान, शारीरिक बनोट, सांस्कृतिक मनोविज्ञानजस्ता जनजाति किरातीलाई चिनाउने सांस्कृतिक विशेषताहरू हुन् भन्ने स्पष्ट हुन्छ। यी विभिन्न विशेषताहरूमध्ये यस अध्ययनमा भूगोल, संस्कृति सभ्यता तथा भाषिक पक्षसँग सम्बद्ध किराती पहिचानलाई मात्र आधार बनाएर समकालीन कालमा लेखिएका आदिवासी किराती कविहरूका कविता सङ्ग्रहभित्रका नमुना छनोटमा परेका कवितामा व्यक्त किराती पहिचानको विश्लेषण गरिएको छ।

### *कवितामा अभिव्यक्त किराती पहिचानका विविध आयाम*

प्रस्तुत लेखमा समकालीन आदिवासी किराती कविहरूका कविताहरूमा चित्रित किराती पहिचानको अध्ययन गर्न विश्लेष्य कवितामा व्यक्त भएका किराती पहिचानका विभिन्न स्वरूपमध्ये भूगोल, संस्कृति, सभ्यता तथा भाषिक पक्षसँग सम्बद्ध किराती पहिचानलाई यहाँ अलग अलग उपशीर्षक बनाएर विश्लेषण गरिएको छ–

### *भूगोलसँग सम्बद्ध जातीय पहिचान*

समकालीन आदिवासी किराती कविहरूका कवितामा भूगोलसँग सम्बद्ध किराती पहिचानलाई विषयवस्तु बनााइएको छ। किरातीहरूको भूमि, भाषा, संस्कृति सभ्यता र बिरासतजस्ता मौलिक सम्पदाहरू लोप हुँदै गएकाले उनीहरू यहीँको आदिवासी भूमिपुत्र भएर पनि भूमिहीन, पहिचानविहीन बन्न बाध्य भएको सन्दर्भलाई उपर्युक्त कवितांशमा अभिव्यक्त गरिएको छ । विद्यमान नेपाली समाजमा किरातीहरूको यस्तो किसिमको निरीह अवस्था कविहरूले राम्ररी बोध गर्दै भूमिप्रतिको निष्ठा र चिन्तन कवितामा अभिव्यञ्जित गरेको छ–

*मध्यान्हको घामलाई*
*हत्केलाले छेकेर उसो दुबो फाँटतिर हेर*
*त्यहाँ,*
*आदिवासी फूलहरू देख्नेछौ*
*फूलहरूले हुरीद्वारा भनिरहेका छन्–*
*युग !*
*हामी त आज विचारहरूको पहाड भयौँ*
*माटो खोज्न / जाति खोज्न*
*हराएको अनुहार खोज्न*
*हामीले त अब विचारको हतियार उठायौँ*
*फूलहरूले फूलबारी छाडेर*
*सडक, चोक हुँदै रोस्टममा उभियौँ*

***(प्रगति राई, कवितामा जातीय स्वायत्तता, २०६४, युग, पृ. २२)***

प्रस्तुत कवितांशमा आदिवासी किरातीहरूको भूमि चेतना जागृत भइसकेको कुरा कविताका माध्यमबाट व्यक्त गरिएको छ। खोसिएको आदिम भूमिका लागि आदिवासी किरातीहरू अब पहिलाजस्तो निरीह भएर नबस्ने, आफ्नो हकअधिकारका निमित्त दिनरात सडकदेखि सदनसम्म लडिरहने अठोट उनको कवितामा व्यक्त भएको छ। कविद्वारा किरातीहरूलाई उत्पीडनका माध्यमबाट पहिचानविहीन बनाइएको यथार्थको राम्रोसँग समीक्षा गरी आफूहरू सचेतनाका साथ सङ्गठित भएको अवस्थालाई पनि समकालीन कविहरूद्वारा उजागर गरिएको छ । यसै सन्दर्भलाई विषय बनाएर भूगोलसँग सम्बद्ध किराती पहिचानको अभिव्यक्ति कवितामा यसरी गरिएको छ–

*के हेरिरहेको*
*ती उदास शब्दका बाँझा खेतका आलीलाई ।*
*सुकेर लखतरान निहुरिएका छन्*
*अजम्बरी फूलहरू*
*कुलो खन्नै दिएका छैनन् भूमिपुत्रहरूलाई*
*खाली आकाशबाट ओर्लिएका इन्द्रका*
*एक बिटा / जङ्गेहरूले*
*किन ट्वाल्ल*
*पानीको मुहानबाट पानी ल्याउनु पर्दैन ?*
*जे भनुन् तिनीहरू – बुद्धू ! /स्वाँठ ! / चितुवा ! / रिसाहा ! / पटमूर्ख !*

***(राज माङलाक, लिम्बुनी गाउँ, २०७४, द्रधर्तीका फूलहरू, पृ. ५७)***

प्रस्तुत कवितको अंशमा तत्कालीन खस शासकहरूले उत्पीडनका माध्यमबाट भूमिपुत्र मानिसले आदिवासी किरातीहरूलाई आफ्नै थातथलोबाट विस्थापित गरिरहेको सन्दर्भलाई संवेदनशील ढङ्गले प्रस्तुत गरिएको छ। कवितामा अजम्बरी फूल, बुद्धू, स्वाँठ, चितुवा, रिसाहा, पटमूर्ख र खाली आकाशबाट ओर्लिएका इन्द्रका एक बिटा जङ्गेजस्ता सशक्त बिम्बहरूको कलात्मक संयोजनबाट आदिवासी किरात समुदायहरूको आदिम भौगोलिक पहिचानका लागि उनीहरूले उठाएका प्रतिरोधी आवाज प्रतिविम्बन गरिएको छ।

### *संस्कृति सभ्यतासम्बद्ध किराती पहिचान*

प्राग्वैदिक कालदेखि यहीँ भूभागमा बस्दै आएका किरातहरूले अवलम्बन गर्दै आएको जीवन पद्धति नै किरात संस्कृति र सभ्यता हो । समकालीन कवितामा

संस्कृति र सभ्यतासँग सम्बद्ध किराती पहिचानलाई सशक्त ढङ्गले व्यक्त गरिएको छ । यिनै संस्कृति र सभ्यतालाई समकालीन किराती कविहरूले आफ्नो कविताको अन्तर्वस्तु बनाएका छन् । विशेष सांस्कृतिक पक्षहरूलाई विषय बनाएर लेखिएको कवितामा यसरी ध्वनित गरिएको छ–

*जारी छ वार्ता*
*मृतात्मासित.....*
*जो, भङ्ग हुनसक्छ कुनै पनि क्षण*
*त्यो बेला*
*बोलाउँदै रूङ्‍री/काट्दै यारी/फलाक्दै मुन्दुम*
*जान सकिन्छ भीरको छाबुलामा*
*र पत्थरभित्र रोइरहेका नानीहरूलाई*
*चढाएर सोलैम्माको चोखो जाँड*
*फर्काउन सकिन्छ*
*उनीहरूको चिसो मुठ्ठीबाट*
*आमाहरूको तातो आँशु*

***(चन्द्र रानोहोंछा, थिबिया चराको गीत, २०७१, द्गछाबुलामा नानीहरू, पृ.६१-६२)***

किरात राई (चाम्लिङ) हरूको संस्कारअनुसार सानै उमेरमा (दात नउम्रँदै) मृत्यु भएमा त्यस्ता बच्चाको शव कुनै एकलास भीरको ओडारमा कोक्रोसँगै राखिन्छ र बाहिरबाट ढुङ्गाको गारो लगाएर संस्कारिन्छ, जसलाई चाम्लिङ भाषामा छाबुला भनिन्छ (रानोहोंछा, २०७१, पृ. ६२)। किराती समाजमा जीवित अभ्यासका रूपमा रहेको मुन्दुम उनीहरूको एउटा बौद्धिक सम्पदा हो। उनीहरूको विशिष्ट जीवनदर्शन भनेकै मुन्दुम भएकाले उनीहरूको जन्ममृत्यु संस्कारदेखि लिएर सम्पूर्ण रीतिथिती गर्नुपर्दा पनि त्यही मुन्दुमलाई आधार बनाई सुप्तुलुङका माध्यमबाट गरिन्छ भन्ने सन्दर्भ उपर्युक्त कवितांशमा प्रस्तुत गरिएको छ। किरात संस्कृतिले सृष्टिको मूल कारण प्रकृतिलाई स्वीकार गर्दै भौतिक संसार, प्राणीजगत्, इन्द्रिय, मन र चेतनासमेतको सृजनालाई आधारभूमि मान्दछ भन्ने तथ्य सानासाना नानीहरू मर्दा गरिने अन्त्येष्टि कर्मको प्रतिविम्बनबाट प्रस्ट पारिएको छ । साथै किरातीहरूको आदिम संस्कृति र सभ्यतासँग प्रकृतिको अन्योन्याश्रित सम्बन्ध रहो यथार्थ पनि बिम्बात्मक शैलीबाट कवितामा अभिव्यक्त गरिएको छ।

नेपालको पूर्वी इलाका हतुवागढीमा किराती राजाहरूले वीरतापूर्ण शासन गरिरहेको अवस्थामा खस राजा पृथ्वीनारायण शाहले आक्रमण गरेपछि किरातीहरूको राजकीय गौरव खण्डहर हुन पुगेको तथा आदिवासी किरातीहरूको संस्कृति र सभ्यता खोसिएको यथार्थ अवस्थालाई कवितामा यसरी व्यक्त गरिएको छ–

*आज*
*किरातीहरूको रगत*
*अझ मिसिरहेको छ*
*खण्डहर हतुवागढीमा*
*कुल्चिरहेछन् बुटहरूले*
*भत्काइरहेछन् किराती दरबारलाई*
*तैपनि हामी टुलुटुलु हेरिरहेछौँ*
*धोका दिइरहेछन् किरातीलाई*
*हतुवागढी रोइरहेछ*

***(पदम राई, कवितामा जातीय स्वायत्तता, २०६४, द्गहतुवागढी, पृ. ४१)***

राष्ट्रियताले भरिपूर्ण आदिवासी किरातीहरूको एतिहासिक संस्कृति सभ्यता, शौर्यशक्ति, वीरतापूर्ण गाथा गाउँदै हतुवागढीजस्तो बिरासत जोगाउनुपर्छ भन्ने आशय मूल रूपमा उपर्युक्त कविताको अन्तर्वस्तु बनेर आएको छ। खस शासकहरूले वीर किराती राजाहरूको परम्परागत र ाजकीय गौरवको गाथालाई पराजित गरी सत्ताच्युत हुँदा पनि आफूहरू टुलुटुलु हेरेर बस्नुसिवाय केही गर्न नसकेको अवस्थालाई संवेदनशील ढङ्गले कवितामा अभिव्यक्त गरिएको छ। कविताा आफ्नै आँखा अगाडि आफ्नै दरबारमा शत्रुहरूले राज गरेको अवस्था भनेको एक किसिमको पीडादायी क्षण हुँदाहुँदै पनि यसको बदलामा किरातीहरू मूकदर्शकजस्तो भएर दमनकारी शासकहरूको अत्याचार सहन बाध्य भएको तितो यथार्थ अभिव्यञ्जित गरिएको छ।

सामन्तवादी राज्यसत्ताको एकल राज्य, एकल संस्कृति, एकल भाषिक नीतिको अवधारणाले आदिवासी किरातीहरूको मौलिक इतिहास, सभ्यता संस्कृति र भाषा आदि संवेदनशील विषयहरू ओझेलमा पर्दै आएको सन्दर्भ

कवितामा यसरी प्रतिविम्बन गरिएको छ—

*समयको एकादेशमा हिँड्दै गर्दा*
*कोक्पालाई सम्झ्यो भने*
*नबिर्सी पस्नु*
*यलम्बर म्युजियम हल*
*जहाँ राखिदिएको छु*
*कोक्पाको आत्मा र बाँकी स्मृतिहरू*
*वाबु /ढोल /झ्याम्टा / धनुकाण र पोमी*

***(हेमन यात्री, पहाड मैसित यात्रा गर्छ, २०६९, म्युजियममा कोक्पाको मोछाप्मा, पृ. ८०-८१)***

प्रस्तुत कवितांशमा आदिवासी किरातीहरूले हजारौँ वर्ष लगाएर निर्माण गरेका सभ्यता तथा संस्कृतिमाथि राज्यसत्ताद्वारा आक्रमण भएपछि समाजमा उनीहरू पहिचानविहीन बन्दै गएका हुन्/छन् भन्ने यथार्थ अभिव्यक्त गरिएको छ । यसै सन्दर्भमा गीलु रातोस (२०८०) ले भनेका छन् – देशमा अनेक किसिमका सांस्कृतिक अस्तित्त्वहरू छन् । ती एकअर्काका लागि मौलिक छन्, तर मौलिक सांस्कृतिक अस्तित्त्वहरू बहिस्करणमा छन् । राज्यको दमनमा छन् । देश तराई, पहाड र हिमालको मात्र बनिरह्यो । देश आदिवासीहरूको कहिल्यै भएन (भूमिका, सिलीदुङ) । रातोसले भने जस्तै राज्य सत्ताले बहिष्कृत गरेका आदिवासी किरातीका संस्कृति, सभ्यता र मूल्यसँग सम्बद्ध पहिचान ढल्दै, हराउँदै गएको सन्दर्भ किराती राजा यलम्बरको म्युजियममा राखिएका वाबु, ढोल, झ्याम्टा, धनुकाण र पोमीजस्ता किराती सभ्यता र संस्कृति झल्काउने किरातमैत्री सांस्कृतिक बिम्बहरूको सुन्दर संयोजनका माध्यमद्वारा आफ्नो पुर्खाहरूद्वारा निर्मित प्राचीन संस्कृति र सभ्यताको महिमा उजागर गरिएको तथ्य उपर्युक्त कवितांशले पुष्टि गरेको छ ।

## *भाषिक पक्षसँग सम्बद्ध किराती पहिचान*

किरात भाषा र लिपि प्राचीन भाषा र लिपिमध्येको एक हो । जातीय पहिचान र जातिको चेतनाको विकास गराउने तथा मानवजीवनका सम्पूर्ण क्रियाकलाप, चिन्तनमनन र अभिव्यक्तिहरूको माध्यम भाषा हो । भाषा भनेको मानवजातिको अमूल्य धरोहर भएकाले त्यसको संरक्षण र संवर्द्धन हुनुपर्छ। भाषाले हाम्रो पहिचान दिलाउँछ। त्यसैले आदिवासी किराती पहिचानको सन्दर्भमा भाषिक पहिचान पनि अहिले पेचिलो विषय बन्दै गएको छ । यसै सन्दर्भमा नेपालको इतिहासमा खस/आर्य शासकहरूको एकात्मक भाषिक नीतिले नेपाली भाषालाई मात्र प्राथमिकता दिएकाले किरातीहरूको भाषा ओझेलमा परेको छ वा पर्दै गएको छ । यसै सन्दर्भमा तारालाल श्रेष्ठले लेखेका छन् – भाषा आफैँ मर्दैन, भाषालाई मारिन्छ । कुनै भाषा आफैँ शक्तिशाली बन्दैन, त्यसलाई शक्तिशाली बनाइन्छ । शासकहरूले एक भाषा र संस्कृतिलाई प्रस्रय दिएर अन्य धेरै भाषा, संस्कृतिको अपमान गरेका छन् । आफ्नो भाषा संस्कृतिमा आफ्नै भविष्य नदेख्ने बनाइदिएका छन् (श्रेष्ठ, २०७९, पृ. ज) । यही विषयवस्तुमा लेखिएको कविताको एक सान्दर्भिक अंश यस प्रकार रहेको छ—

*खै त्यो माइनस पावरवाला चस्मा कहाँ छ ?*
*को हो पोष्टम्यान*
*को छ दर्ता चलालीमा*
*को छ प्रुफरिडर*
*म को हुँ सम्पादक*
*यो मरेकै हो*
*यो मारिएको हो*
*यसको सास जहाँबाट जसरी जावस्*
*यसको जीवनमा कतै छैन सास*
*ए, साँच्ची*
*खै त ? यसको भाषा*
*धर्म, संस्कृति, माटो, नागरिकता*
*देश, राष्ट्रियता र यसको असली पहिचान*

***(दीपा याक्खा लिम्बुखिम, इतर, २०७६, मृत्यु सम्पादन, पृ. २६६-२६७)***

यो कविताको अंशमा नेपालको इतिहासमा खस/ आर्य शासकहरूको एकात्मक भाषिक नीतिले नेपाली भाषालाई मात्र प्राथमिकता दिएकाले आदिवासी किरातीहरूको मातृभाषा ओझेलमा पर्दै गएको संवेदनशील विषयलाई गैरकिराती (खस) कविद्वारा नै प्रश्न गरिएको सन्दर्भ अभिव्यक्त गरिएको छ। उपर्युक्त कवितांशमा प्रभुत्वशाली राज्यसत्ताको कठोर उत्पीडनका कारण आफ्नै भूमिमा राज्य

स्थापना गरेर इतिहासमा लामो समय शासन चलाएका भूमिपुत्र मानिने आदिवासी किरातीहरूलाई भाषा, धर्म, संस्कृति सभ्यता, भूमि, नागरिकता तथा राष्ट्रियताजस्ता मौलिक अधिकारबाट वञ्चित गरी उनीहरूलाई समाजमा पहिचानविहीन बनाइएको सान्दर्भिक विचार प्रस्तुत गरिएको छ । यो कविताको अंशले यसरी शक्ति अथवा सामर्थ्यले युक्त किरातीहरू पहिचानविहीन हुनमा उत्पीडनकारी शासकहरूकै विभेदकारी व्यवहार रहेको यथार्थ स्वयम् गैरकिराती (खस) शासकहरूले नै शालीन तवरबाट आत्मस्वीकृति गरेको अवस्था उजागर गरेको छ। यसबाट नेपाली समाजमा आदिवासी किरातीहरूको इतिहास शक्तिशाली र गौरवशाली भएको तथ्य पनि प्रस्ट हुन्छ।

प्रभुत्वशाली हिन्दु वर्णाश्रम व्यवस्थाले आदिवासी किरातीहरूलाई मतुवाली जातमा विभाजन गरिदिएपछि उनीहरू जाँड, रक्सी पिउने जातमा गनिन थाले। समाजमा मतुवालीहरूले आफ्नो जातले नै स्वतन्त्र रूपमा उपभोग गर्न पाएकाले पेयपदार्थ खाँदा केही असर पर्दैन भन्ने भाष्य निर्माण भयो । उक्त भाष्यलाई आत्मसात् गर्दै कतिपय किराती पुर्खाहरू पेयपदार्थको लतमा फसेपछि उनीहरू अरू सामाजिक, सांस्कृतिक तथा व्यावहारिक कुराहरूमा पछाडि पर्दै गए/गएका छन्, यसैले किरातीहरूले आफ्नो शक्तिशाली गौरवमय इतिहासलाई निरन्तरता दिन नसकेको देखिन्छ । यही सन्दर्भलाई कवितामा यसरी उजागर गरिएको छ–

*हाम्रो अतीतको कथा*
*त्यही दिन सुरु भयो*
*जुन दिन उनीहरूले हौसाए*
*कलबिख पिउन*
*पिएर जिउन*
*पिउनुको साम्राज्यमा*
*प्रवेश गरेपछि*
*पियौँ भाषा, संस्कृति*
*पियौँ बेसुरले मुन्दुम*

***(जयसला कोयू, कवितामा जातीय स्वायत्तता, २०६४, प्रायश्चित, पृ.७)***

जुन दिनदेखि उत्पीडनकारी खस शासकहरूले जातीयका आधारमा किरातहरूलाई कलबिखसरहको पेयपदार्थ सेवन गर्न छुट दिएका थिए, त्यही दिनदेखि उनीहरू त्यसैमा रुमलिएर आफ्नो भाषा, संस्कृति, सभ्यता र पहिचान भुल्न थालेको प्रसङ्ग प्रस्तुत कवितांशमा अभिव्यक्त गरिएको छ। त्यति मात्र नभएर किरातीहरूले अत्यधिक जाँड रक्सी सेवन गर्दा चेतना कमजोर भएर सामाजिक र सांस्कृतिक रूपमा निरीह बन्दै गएको उनीहरूले आफ्नो भाषा, संस्कृति स्याहार्ने र सबल बनाएर अगि बढाउनेतर्फ ध्यान दिन नसकेको हो भन्ने तर्क कविको रहेको छ। तसर्थ आम आदिवासी किरात समुदाय अबदेखि जागरूक भएर आफ्नो भाषिक, सांस्कृतिक पहिचानको संरक्षण गर्नुपर्ने सशक्त भाव कवितामा अभिव्यञ्जित गरिएको छ।

पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्नुभन्दा अगाडि पनि पूर्वी नेपालको पहाडी क्षेत्रमा किरातहरूको आधिपत्य थियो । पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै किरातहरूको शासकीय अधिकार गुम्यो र उनीहरूको संस्कृति सभ्यता, भाषा, धर्ममाथि हस्तक्षेप भई जबर्जस्ती हिन्दु संस्कृति लादियो भन्ने सन्दर्भ उल्लेख गरिएको छ (सुवेदी, २०७८, पृ. ६२) । भाषासँग हरेक जात / जातिहरूको पहिचान पनि जोडिने भएकाले भाषा रहेन भने समाजमा उनीहरूको पहिचान पनि रहँदैन। त्यही भाषालाई जीवन्त राख्नका लागि आदिवासी किरातीहरूले आजसम्म विभिन्न मातृभाषिक विमर्श, छलफलहरू गर्दै आइरहेका छन् । यो भाषिक सन्दर्भ कवितामा यसरी प्रस्तुत गरिएको छ–

*एउटै चुलीमा*
*तर कहिल्यै कसैले*
*एकपटक पनि चोमोलुङ्मा चढेनन्*
*धनुकाणको त्यो आदिम झन्डा*
*कसैले पनि गाडेनन्*
*हिमाल र त्यो नौलाख पुत्रको सभ्यतालाई*
*कसैले बुझ्नै चाहेनन्*

*(भूपाल राई, सीमान्त सौन्दर्य, २०६७, हिमाल र नौलाख पुत्रको सभ्यता, पृ.१०२–१०३)*

कविताले आदिवासी किरातीहरूले हिमाललाई आफ्नो आदिम सभ्यताको प्रतीक मानेकाले उनीहरूले यसलाई चोमोलुङ्मा भन्दै आएकामा बाबुराम आचार्यले सगरमाथा भनेर नामकरण गरिदिएपछि यसको ऐतिहासिक र मौलिक पहिचान विस्थापित भएको सन्दर्भ अभिव्यक्त गरेको छ। धेरै मान्छेहरू सगरमाथा आरोहण गर्न सफल भए तापनि यसलाई चोमोलुङ्मा भनेर कसैद्वारा सम्बोधन नगरिएको र त्यहाँ पुगेर आदिवासी किरातीहरूको आदिम मिथकीय धनुकाणलाई बेवास्ता गरेर आधुनिक झन्डा गाड्ने गरेकोमा कविले स्वाभाविक चिन्ता प्रकट गरेको छ। कवितामा यसप्रकारका विभेदकारी क्रियाकलापहरूले आदिवासी किरातीहरूको भाषिक पहिचान सम्बोधन गर्न नसकिएको सन्दर्भ प्रस्ट पारेकाले यसबाट किरातीहरू आफ्नो भाषाप्रति चिन्तित र संवेदनशील रहेको यथार्थ अभिव्यञ्जित गरिएको छ। प्रस्तुत कवितांशमा किरात मिथकीय शब्दहरूका साथै आदिवासी किरातमैत्री मातृभाषाहरू प्रयोग गरेर कवितालाई सुन्दर संयोजन गरी जीवन्त रूपमा भाषिक पहिचान प्रस्तुत गर्न कवि सफल भएको तथ्य पुष्टि भएको छ।

## *निष्कर्ष*

समकालीन नेपाली किराती कविहरूद्वारा लिखित कविताहरूको विश्लेषण गर्दा यसमा भूगोल, संस्कृति सभ्यता र भाषिक पक्षसँग सम्बद्ध पहिचान गरेर मूलतः तीन किसिमका किराती पहिचानका आवाजहरू अभिव्यक्त गरिएको छ। यसैगरी दुईओटा कवितामा भूगोलसँग सम्बद्ध, तीनओटा कवितामा संस्कृति सभ्यतासँग सम्बद्ध र तीनओटा कवितामा भाषिक पक्षसँग सम्बद्ध किराती पहिचान सशक्त किसिमले व्यक्त भएको पाइएको छ। भूगोलसँग सम्बद्ध किराती पहिचानमा सामन्तवादी आर्य शासकहरूले आदिवासी किरातीलाई आफ्नै ऐतिहासिक थातथलोबाट विस्थापित गरेको प्रसङ्गले उनीहरूको आफ्नो भूगोलप्रतिको निष्ठा, सद्भाव र समर्पणलाई ऐतिहासिक पहिपहिचानसँग गाँसी कवितामा हृदयस्पर्शी र संवेदनशीलरूपले अभिव्यक्त गरिएको छ। साथै कवितामा आदिवासी किरातीहरूको भूगोलसँगको अन्योन्याश्रित सम्बन्ध तथा पारम्परिक संस्कारप्रतिको आस्थाका विषयमा पनि सुन्दर र कलात्मक ढङ्गले अभिव्यञ्जित गरिएको छ। आफ्नो लागि बचाउ गर्ने कोही नभएको ठाउँमा सीमान्तमा उभिएका र बाँचेकाहरू आफैँ पनि जाग्नु र देशको भूगोलमा आफ्नो अस्तित्व खोज्न आवश्यक छ भन्ने भाव कवितामा व्यक्त गरिएको छ। संस्कृति सभ्यतासँग सम्बद्ध पहिचानमा किरातीहरूका धर्म, संस्कारदेखि लिएर सबै रीतिथिती गर्नुपर्दा मुन्दुमलाई आधार मानेर सुप्तुलुङजस्ता महत्त्वपूर्ण सांस्कृतिक परम्परा अँगालेर गरिने सन्दर्भ कवितामा अभिव्यञ्जित गरिएको छ। कवितामा सामन्तवादी एकल राज्यसत्ताले किराती सामाजिकता र संस्कारमाथि महत्त्व नदिएकामा आफूहरू शक्तिशाली भएर आफ्नो सांस्कृतिक पहिचान र सभ्यताका लागि निरन्तर सङ्घर्ष गरिरहनुपर्ने सन्दर्भ व्यक्त गरिएको छ। कवितामा राज्यसत्ताले किरातीहरूको सभ्यतामाथि आक्रमण गर्न थालेपछि उनीहरूका मौलिक संस्कृति सभ्यताहरू छायामा परेकाले पुनः तिनको जगेर्ना गरेर मौलिक, सामाजिक–सांस्कृतिक पुनःस्थापना गर्नुपर्ने कुरा औँल्याइएको छ। भाषिक पक्षसँग सम्बद्ध पहिचानमा नेपालको इतिहासमा खस/आर्य शासकहरूको एकात्मक भाषिक नीतिले नेपाली भाषालाई मात्र प्राथमिकता दिएकाले आदिवासी किरातीहरूको भाषा ओझेलमा परेको प्रसङ्ग केलाउँदै किरात मिथकीय शब्दहरूका साथै विभिन्न किरातीमैत्री मातृभाषाहरूको प्रयोग गरेर मौलिक भाषिक अस्तित्व स्थापित गर्न उत्प्रेरित गरिएको सन्दर्भ पुष्टि भएको छ। कविहरूले आफ्नो भौगोलिक, सामाजिक, सांस्कृतिक र भाषिक पहिचानको अस्तित्व रक्षा गरेर किरात सभ्यताको विशिष्ट पहिचान स्थापित गर्नुपर्नेमा जोड दिएका छन्। विश्लेषित कवितांशबाट समकालीन नेपाली कवितामा आदिवासी किराती कविहरू पहिचानका वाहक बनेर बिम्बात्मक र व्यङ्ग्यात्मक शैलीमा चेतनाका स्तरमा किराती पहिचान अभिव्यक्त गर्ने सशक्त कविहरूका रूपमा स्थापित भएका छन् भन्ने तथ्य पुष्टि भएको छ।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, ज्ञानु (२०७८). *समकालीन नेपाली कवितामा पहिचानको स्वर.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

गडतौला, नारायणप्रसाद (२०७४). *समकालीन नेपाली कविताको समाजशास्त्र.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

गिरी, अमर (२०७०, 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा.' *भृकुटी.* (सांस्कृतिक अध्ययन विशेषाङ्क). पूर्णाङ्क–१९, पृ. १२–४६।

तामाङ, परशुराम (२०६२). *जनजाति राष्ट्रवाद.* काठमाडौँ : प्रगति पुस्तक सदन।

पराजुली, मुरारि (२०७२). *काव्य विमर्श.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

पोमु, पराजित (स.) . (२०७६). *इतर.* काठमाडौँ : इतर अभियान।

पोमु, पराजित (स.) (२०७९). *भुइँमान्छेका आवाज.* काठमाडौँ : आदिवासी जनजाति साहित्यकार/लेखक महासङ्घ।

माङलाक, राज (२०७४). *लिम्बुनी गाउँ.* कामाडौँ : शिखा बुक्स।

मार्टिन, ग्याँन्सले (सन् २०१९). *उत्पत्ति र आदिम बसाइँसराइ.* (अनु. तारामणि राई). काठमाडौँ : मेवाहाङ राई याखोम्पा, उपत्यका समिति।

यात्री, हेमन (२०६९). *पहाड मैसित यात्रा गर्छ.* काठमाडौँ : फोनिक्स बुक्स।

राई, तारामणि (स.) (२०६४). *कवितामा जातीय स्वायत्तता.* काठमाडौँ : किरात राई यायोक्खा।

राई, भूपाल (२०६७), *सीमान्त सौन्दर्य.* काठमाडौँ : किरात एकेडेमी।

राई, मुकारुङ (२०७४). *किरात राई मुन्दुमको समाजशास्त्रीय तथा सङ्गीतशास्त्रीय अध्ययन.* काठमाडौँ : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान काठमाडौँ।

रातोस, गिलु (२०८०). *सिलीदुङ.* प्रकाशक थेबाला पब्लिकेसन।

रानोहोंछा, चन्द्र, (२०७१). *थिबिया चराको गीत.* वेलायत : नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत।

शिवाकोटी, गोपाल (२०७६), *किराँत जाति.* काठमाडौँ : पैरवी प्रकाशन।

सुवेदी, धनप्रसाद (२०७८). 'समकालीन नेपाली कवितामा जनजातीय बिम्ब', विश्वविद्यालय अनुदान आयोग सानो ठिमी भक्तपुरमा प्रस्तुत अनुसन्धान प्रतिवेदन।

हल, स्टुअर्ट (सन् १९९७), *रिप्रिजेन्टेसन कल्चरल एन्ड रिप्रिजेन्टेसन एन्ड सिग्निफाइड प्राक्टिसेज.* लन्डन : पाउजेन्ड ओक्स, न्यू दिल्ली : सेज पब्लिकेसन।

Santos, C. E. & Umana-Taylor, A. J. (ed.). (2015). *Studying Ethnic Identity: Methodological and Conceptual Approaches Across Desciplines.*Washington, DC: American Psychological Association.